# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

प.सं. : ०७७।०७८
च.नं. : ८६४

मिति: २०७७।०६।०२

विषय :- कोभिड-१९ नियन्त्रणका लागि जारी निर्देशन सम्बन्धमा ।

श्री.................................................
.................................................

नेपाल सरकारबाट कोभिड-१९ नियन्त्रणका लागि स्वास्थ्य मापदण्ड पूरा गरेर उद्योगधन्दाहरु सञ्चालन गर्ने गराउने भनी भएको निर्णयबमोजिम यस रत्ननगर नगरपालिकाभित्र रहेका उद्योगधन्दाहरु सञ्चालन गर्दा स्वास्थ्य मन्त्रालय, कोभिड-१९ क्राइसिस म्यानेजमेन्ट सेन्टर, गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालयलगायतका निकायहरुबाट जारी भएका निर्देशनहरु लगायत तपसिलका निर्देशनहरु पूर्ण रुपमा पालना गर्नु गराउनु हुन अनुरोध गर्दछु ।

**तपसिल :**

१ उद्योगमा काम गर्ने कर्मचारी/कामदारहरुलाई उद्योग परिसरमै वा निश्चित स्थानमा खाना, खाजा र सुत्ने व्यवस्था गरी कामकाजमा लगाउनुपर्ने,

२ काम गर्ने कर्मचारी/कामदारहरुले कम्तिमा २ मिटरको दुरी कायम गर्नुपर्ने, मास्क, ग्लोभ्स, फेस शिल्ड लगाउनुपर्ने साथै नियमित रुपमा सेनिटाइजर प्रयोग गर्नुपर्ने,

३ उद्योग परिसर साथै सवारी साधनहरु दैनिक रुपमा सेनिटाइज गर्नुपर्ने,

४ कर्मचारी/कामदारहरुको कम्तिमा महिनाको एक पटक PCR testगराउनुपर्ने,

५ कर्मचारी/कामदारहरुकोPCR testगराउदा पोजिटिभ देखिएमा तुरुन्त क्वारेन्टाइनमा राख्ने व्यवस्था गर्नुपर्ने,

६ कर्मचारी/कामदारहरुको PCR test गर्दा भएको खर्च, क्वारेन्टाइनमा रहदा उपचार, आवास, खाना, खाजामा भएको खर्च उद्योग स्वयंले गर्नुपर्ने,

७ यस कार्यालयबाट भएको निर्देशनहरु पालना भए नभएको सम्बन्धमा नगरस्तरीय समिति र वडास्तरीय समितिबाट नियमित रुपमा अनुगमन गर्ने, अनुगमनको समयमा सम्बन्धित उद्योगको जिम्मेवार पदाधिकारीबाट सहजीकरण गरीदिनुपर्ने, निर्देशन पालना नभएको पाइएमा नगरस्तरीय समितिबाट दण्ड जरिवानासहित कारवाही हुन सक्ने ।

टुवराज पोखेल
प्रमुख प्रशासकीय अधिकृत